मासिक

# असल शासन

GOOD GOVERNANCE

प्रो पब्लिकको प्रकाशन वर्ष ९ अंक ९ साउन २०६८ July-August 2011

# परनिर्भरताको पराकाष्ठा

**विकट जिल्ला खोटाङलाई पहाडी लोकमार्गले दुईतिरबाट जोडे पनि सर्वसाधारणले राहत पाउन सकेका छैनन् । जिल्लाको परनिर्भरता अझ चुलिएको छ ।**

*कृष्ण अविरल, खोटाङबाट फर्केर*

खोटाङ अब पहिलेजस्तो विकट र दुर्गम रहेन । उदयपुरको कटारी, ओखलढुंगाको हर्कपुर हुँदै गएको सडकले दिक्तेल छिचोलिसकेको छ भने धनकुटाबाट भोजपुर हुँदै आएको पहाडी लोकमार्ग खण्डमा पनि हिउँदमा यातायात कुद्न थालिसकेका छन् । बुइपा–राजापानी हुँदै उदयपुरको गाईघाट जोड्ने सडक पनि धमाधम खनिँदैछ । हवाईमार्गका लागि तीनवटा विमानस्थल छन् । तर जिल्लाका बासिन्दाले उपभोग्य वस्तुमा राहत पाउन सकेका छैनन् । "भरिया र खच्चरले बोकेर ल्याउने विगतको समयको भन्दा मूल्यमा खासै अन्तर आउन सकेको छैन ।" स्थानीय सामाजिक कार्यकर्ता टंक थापा भन्छन्, "बरु जिल्लाको पैसा बाहिरिने क्रम बढेको छ ।" उनका अनुसार निर्यातयोग्य वस्तु जिल्लामा केही छैन । जिल्ला भित्रिने अधिकांश ट्रक रित्तै फिर्छन् ।



क्षमताभन्दा बढी यात्रु लिएर हिंडेको थोत्रो बस उकालोमा तान्न नसकेपछि यात्रु ओरालेर गुड्दै ।

त्यसो त जिल्लामा निर्यातयोग्य उत्पादनको सम्भावना नभएको होइन, प्रचुर देखिन्छ । व्यावसायिक कृषिलाई प्रोत्साहन गर्ने हो भने अम्रिसो, अलैंची, सुन्तला, अदुवा, आलु, लिची, कागती, स्याउलगायतका नगदेबालीका लागि खोटाङ अब्बल छ । हस्तकलाका सामानहरूको उत्पादनका लागि पनि खोटाङ स्वर्णभूमि बन्न सक्नेछ । यहाँ सहज रूपमा पर्याप्त

क्रमशः पेज ८ मा...

## भित्री पृष्ठमा


- सुनुवाइपछि गाविसको कार्यालय...
- द्वन्द्वपीडितले राहत पाएनन्
- रकम अनियमितता
- समान ज्यालाको लागि संघर्ष

## सम्पादकीय

# आत्मनिर्भरताका लागि यति चैं गरौं

राज्यले लगानी गरेको विकासको प्रतिफल सर्वसाधारण नागरिकले प्रत्यक्ष र सकारात्मक रूपमा पाउनुपर्छ । त्यो विकासले उनीहरूको दैनिक बानी व्यवहार र आर्थिक स्थितिमा सुधार ल्याउनुपर्छ । यसो भयो भने मात्र वर्षौंदेखिको आर्थिक परनिर्भरतालाई त्याग्दै र आत्मनिर्भरताको खुड्किलो क्रमशः उक्लिँदै राज्य समृद्धिको शिखरमा पुग्न सक्छ । मध्यपहाडी लोकमार्गका लागि लगानीको अवधारणा बनाउँदा हाम्रा नीति निर्माताहरूले सायद यस्तै सोच बनाएका थिए होलान् । आर्थिक क्रियाकलाप बढ्दै जाँदा स्थानीय स्तरमा रोजगारका अवसर सिर्जना हुने, वर्षौदेखि गरिबीको रेखामुनि रहेकाहरूको आर्थिक अवस्थामा सुधार हुने विश्वास साँचेका थिए होलान् । तर खोटाङका गाउँबस्ती पुग्दा त्यस्तो अनुभूति पटक्कै हुन सकेन । तीनवटा एयरपोर्ट भएको, कटारी-हर्कपुर र धनकुटा-भोजपुरतिरबाट सडकमार्गले छोइसकेको, बुइपा-राजापानी हुँदै गाईघाटबाट पनि तराईसँग जोडिने क्रममा रहेको खोटाङका बासिन्दाले अहिले पनि उपभोग्यवस्तुको मूल्यमा खासै राहत पाउन सकेका छैनन् । सामानको ढुवानी लागत बाटो सुविधा नहुँदा खच्चर तथा भरियाले सामान बोकाउने बेलाकै जस्तो हुनु राज्यका लागि समेत लज्जास्पद स्थिति हो ।

अचेल उपभोग्य सामान बोकेका सरदर ५० वटा ट्रक दैनिक खोटाङ प्रवेश गर्छन् । तर ती ट्रक प्रायः सबै रित्ता फिर्छन् । आर्थिक रूपान्तरणका लागि यो भयावह स्थितिको संकेत हो । त्यतिमात्रै होइन, गरिब जनताका लागि भनेर विदेशीले दिएको अनुदानबाट बनाइएका सडकमा केही सीमित व्यक्ति र संगठनको एकाधिकार छ । यातायात व्यवसायीको सिन्डिकेट र व्यापारीहरूको एकछत्र एकाधिकारको मारमा सर्वसाधारण नागरिक परिरहेका छन् । तर राज्यका निकाय निरीह बनिरहेका छन् । स्थानीय राजनीतिक दल र नागरिक समाजले त्यहाँको सडकमा रहेको बेथिति अन्त्य गर्नका लागि पहल त गर्दै आएका छन् तर सुरक्षा निकायहरूको अकर्मण्य व्यवहारका कारण त्यो पहलले सार्थकता पाउन सकेको छैन ।

खोटाङ र त्यस प्रकृतिका जिल्लालाई आत्मनिर्भर र स्वावलम्बी बनाउँदै विपन्न वर्गको जीवनस्तरमा सुधार ल्याउने हो भने त्यहाँका उर्बर भूमिलाई अधिकतम सदुपयोग गरेर किसानलाई उत्पादनमुखी तथा व्यावसायिक बनाउनेतर्फ कदम चाल्नुपर्छ । कृषि प्राविधिकहरूकै भनाइमा त्यहाँको माटो कागती, सुन्तला, अम्रिसो, अलैंची अदुवा, स्याउ आदिका लागि उपयुक्त छ । यसतर्फ राज्यका सरोकारवाला निकायले थोरै ध्यान पुऱ्याउन सके र राजनीतिक दल तथा सामाजिक अगुवाहरूले व्यावसायिक खेतीका अगुवा बनेर जनतालाई देखाउनसके महिनैपिच्छे करोडौं रूपैयाँ बाहिरिने वर्तमान अवस्थामा चाँडै नै सुधार ल्याउन सकिन्छ । र, यसो गर्न ढिलो पनि भइसकेको छ ।

खोटाङ पुग्ने बाटाहरूमा रहेको सिन्डिकेट नामको गल्पासो हटाउनु ठूलो कुरा हुँदै होइन । मात्र स्थानीय राजनीतिक दलहरूले चाहनुपर्छ । तर त्यसका लागि सबैभन्दा पहिला सुनकोसी र दूधकोसीमा पुल बन्न जरूरी छ । विगत आठ वर्षहरूमा जस्तै अब पनि ती पुलका लागि छुट्टिएको बजेट फ्रिज हुन दिने हो भने जनताले दललाई पक्कै माफ गर्ने छैनन् ।

## पाठक मञ्च

### कस्तो मीठो जोक ?

असल शासनको जेठ अंक पढें । सरकारी कृषि प्राविधिकलाई निषेध शीर्षकको समाचार सान्दर्भिक लाग्यो । धनकुटामा मात्रै होइन जिल्ला कृषि विकास कार्यालयका कर्मचारीहरूको प्रवृत्ति हाम्रो जिल्लामा पनि त्यस्तै छ । सांसद विकास कोष दुरूपयोग बारेको दोलखाको समाचार पनि हाम्रो जिल्लाको अवस्थासँग मिल्छ । मुख्य समाचारसँगै छापिएको स्वास्थ्य सेवा विभागका महानिर्देशकको अब कुनै जिल्ला डाक्टरविहीन छैनन् पढेर पेट मिचिमिची हाँस्न मन लाग्यो । महानिर्देशक डा. यशोवर्द्धन प्रधानले स्वास्थ्यमन्त्रीलाई खुसी पारेर सचिव पड्काउने मोहमा कस्तो मीठो जोक गऱ्या ? बरू उहाँले अब जनता झूटा कुरामा झुक्किदैनन् भन्ने बुझे हुन्छ ।

दैलेखवासी तरकारीखेतीतिर उन्मुख, लोकप्रिय बन्दैछ लघुउद्यम आदि सकारात्मक समाचारका नमुना हुन् । यस्ता समाचारले राम्रो काम गर्नेलाई निश्चय नै प्रोत्साहन मिल्छ । आगामी दिनमा पनि यस्तै खाले सकारात्मक समाचार पढ्न पाइयोस् ।

हर्कबहादुर खडका, मन्थली-३, रामेछाप

### गरे के नहुँदो रहेछ र !

असल शासनको असार अंक पढें । "परियोजनाले ल्यायो परिवर्तन" शीर्षकको मुख्य समाचार पढ्दा, गरेमा के नहुँदो रहेछ भन्ने कुरा प्रष्ट भयो ।

अर्जुन आछामी जस्तै अन्य जो कोहीले पनि प्राप्त सेवाको सदुपयोग गर्न सके विकासमा पछि परेको खोटाङजस्तो विकट जिल्ला विकासयोग्य बन्नेमा कुनै शंका छैन ।

इन्द्र राई, दिक्तेल,खोटाङ

# सुनुवाइपछि गाविसको कार्यालय गाउँमा

**सार्वजनिक सुनुवाइमा सर्वसाधारणका अगाडि गरेको प्रतिबद्धता गाविस सचिवले पालना गरेपछि गाउँमा उनको वाहवाही सुरु भएको छ ।**

*असल शासन प्रतिनिधि, ओखलढुंगा*

भदौ १ गतेदेखि बिगुटार गाविसको कार्यालय स्थानीय गाविसबाट सञ्चालन हुने भएको छ । गत असार २७ गते बिगुटार गाविस, ग्रामीण स्वास्थ्य विकास परियोजना र असल शासन परियोजनाद्वारा संयुक्त रूपमा आयोजित सार्वजनिक सुनुवाइमा सर्वसाधारण नागरिकले बिगुटार गाविसको कार्यालय बिगुटारमा सञ्चालन नभएको भन्दै गुनासो गरेपछि यो उपलब्धि प्राप्त भएको हो । सुनुवाइमा सर्वसाधारणको गुनासोको जबाफ दिँदै गाविस सचिव गजेन्द्र भट्टराईले भदौ १ गतेबाट आफूले गाविसमा बसेर कार्यालय सञ्चालन गराउने प्रतिबद्धता जनाएका थिए ।

विगत एक वर्षदेखि उक्त गाविसमा काम गर्दै आएका भट्टराईले अघिल्लो वर्षको सार्वजनिक सुनुवाइमा नागरिकले उठाएका सवालहरूको कार्यान्वयन गराउन आफू सफल भएको बताए । सचिव भट्टराईले नागरिकका गुनासो सुन्न आफू तत्पर रहेको र अर्को वर्षदेखि गाविसले आफैं रकम विनियोजन गरेर सार्वजनिक सुनुवाइ गर्ने प्रतिबद्धतासमेत जाहेर गरेका छन् ।

२०५९ सालमा तत्कालीन माओवादी द्वन्द्वका कारण ध्वस्त भएको गाविस कार्यालय भवन हालसम्म पुनर्निर्माण भएको छैन । "भवन नभए भाडामा भए पनि कार्यालय सञ्चालन हुन्छ, तपाईंहरू ढुक्क हुनुहोस्" भट्टराईले गाउँवासीलाई आश्वस्त बनाउँदै भने । तोकिएका वर्गको रकम तोकिएको ठाउँमा खर्च नभएको गुनासोको सन्दर्भमा बोल्दै उनले आफूले त्यसमा सकारात्मक भूमिका निर्वाह गरेको भन्दै राजनैतिक दलका प्रतिनिधिहरू त्यसप्रति संवेदनशील बन्नुपर्ने उनले बताए । कार्यक्रममा अपांगता भएकी




हीराकुमारी दाहालले आफ्नो गुनासो राखेपछि कार्यक्रम नै स्तब्ध भएको थियो ।

कार्यक्रममा स्थानीय उपस्वास्थ्यचौकी, पशुसेवा उपकेन्द्र, कृषि सेवाकेन्द्र र अतिरिक्त हुलाक कार्यालयले दिने सेवा तथा वस्तुका विषयमा सर्वसाधारण नागरिकले खुलेर गुनासो राखेका थिए । कार्यक्रममा उठेका सवालहरूको जबाफ दिँदै उपस्वास्थ्य चौकीका निमित्त प्रमुख शारदा दाहालले स्वास्थ्यचौकीबाट दिने सेवाको विषयमा कुनै गुनासो नगर्न भनेकी थिइन् । उपस्वास्थ्य चौकीबाट दिने सेवामा कुनै कन्जुस्याईं नगरेको र आफ्नो करारनामाको अवधि सकिएकोले आगामी दिनमा केही गर्न नसक्ने बताइन् ।

कार्यक्रममा स्थानीय नागरिकको गुनासोलाई समेट्दै भदौ १ गतेदेखि गाविस कार्यालय स्थापना गरी नागरिक बडापत्र र सूचना पाटी राख्ने, विपन्न वर्गको रकमान्तर गरेर अन्य शीर्षकमा खर्च नगर्ने, उपस्वास्थ्य चौकीमा औषधि र कर्मचारी अभाव हुन नदिने, भिन्न क्षमता भएका नागरिकका लागि बजेटको तर्जुमा गर्ने तथा पशुसेवा केन्द्र र कृषिसेवा केन्द्रका सेवाका कर्मचारी कार्यालयमा नियमित हुने व्यवस्था मिलाउने लगायतका पाँचवटा बुँदामा प्रतिबद्धता जाहेर गरिएको छ । प्रतिबद्धतामा सरकारी निकायका तर्फबाट गाविस, उपस्वास्थ्य चौकी, पशु सेवा केन्द्रका प्रमुख र तीन राजनैतिक दलका प्रमुखहरूले हस्ताक्षर गरेका छन् । बिगुटार उच्चमाविको प्रांगणमा सम्पन्न उक्त सुनुवाइमा दुई सयभन्दा बढी सर्वसाधारणको उपस्थिति रहेको थियो भने कार्यक्रमको स्थानीय रमाइलो सामुदायिक रेडियो १००.६ मेघाहर्जबाट प्रत्यक्ष प्रसारणसमेत गरिएको थियो । ◆

# जाजरकोटका द्वन्द्वपीडितले राहत पाएनन्

*बालकुमार शर्मा, जाजरकोट*

दसवर्षे सशस्त्र माओवादी द्वन्द्वको बेला राज्य र विद्रोही पक्षबाट चर्को प्रताडना भोगेकाहरूले राहतको लागि निवेदन दिएको महिनौं बितिसक्दा पनि पाउन सकेका छैनन् । निवेदन दिएका तीन हजार चार सयमध्ये करिब एक हजार दुई सयले मात्र राहत पाएका छन् । बाँकी दुई हजार दुई सयले अझै राहत पाउन सकेका छैनन् ।

राहत नपाएकामध्ये केहीले आवश्यक प्रक्रिया नपुऱ्याएका कारण प्रक्रियामा रहेको स्थानीय शान्ति समितिले जनाएको छ । पहुँचवाला र टाठाबाठाले राहत पाइसकेका छन् । त्यसबाहेक कतिपय त द्वन्द्वपीडित नै नभएकाले समेत राहत लिएका छन् । यस्तैमध्ये कि एक हुन्, ढिमे ९ की मीरा सिंह । उनले कमाइ गर्न भारत गएका आफ्ना पति मानबहादुर सिंह द्वन्द्वमा मारिएको भनेर एक लाख रुपैयाँ लिएकी छिन् । सरकारले द्वन्द्वको क्रममा मारिएका, अंगभंग तथा घाइते भएका, अपहरण वा हिरासत, जेलजीवन बिताएकालाई राहत दिने व्यवस्था गरेको छ । राजनीतिक पहुँचका आधारमा द्वन्द्वपीडित नै नभएका कतिपयले राहत पाएको तर वास्तविक पीडितले पाउन नसकेको नेपाली कांग्रेसका पूर्वसभापति यज्ञबहादुर खत्रीले जानकारी दिए ।

जगतीपुर– ५ का द्वन्द्वपीडित नारायणप्रसाद शर्माले आफूले अहिलेसम्म राहत नपाएको बताए । शर्माको परिवारलाई २०५४/५५ को

> शान्तिप्रक्रिया सुरु भएको पाँच वर्ष बित्न लागे पनि जाजरकोटका वास्तविक द्वन्द्वपीडितले अहिलेसम्म राहत पाउन सकेका छैनन् । बरू गैरपीडितले पहुँच पुऱ्याएर राहत हत्याउने क्रम बढेको छ ।

## सात वर्षदेखि शरीरमा बमका छर्रा

जाजरकोटको एक गाउँमा माओवादीले छोडेर गएको बम विस्फोट हुँदा सात वर्षअघि घाइते भएका एकै घरका पाँच परिवारमध्ये तीनजनाको शरीरमा अझै गोलीका छर्रा छन् ।



सात वर्षदेखि शरीरमा बमका छर्रा बोक्न विवश जगतीपुर–३ का दले कामी ।

जिल्लाको जगतीपुर– ३ का हीरे कामी, उनका छोरा दले र छोरी शीतलाका शरीरमा सात वर्षदेखि बमका छर्रा रहेका छन् । आर्थिक अभावका कारण उनीहरूले छर्रा निकाल्न सकेका छैनन् । साथै उनीहरूले अहिलेसम्म द्वन्द्वपीडितले पाउने राहतसमेत पाउन सकेका छैनन् । २०६१ सालमा खाना खान घरमा आएका तीनजना माओवादी कार्यकर्ताले छोडेर गएको बम पड्कदा पूरै परिवार घाइते भएको थियो । घरमुली हीरेको देब्रे हात पूरै छुट्टिइएको थियो भने उनको खुट्टामा लागेका बमका छर्रा अझै निकाल्न सकेका छैनन् । आमा मोतीको दाहिने आँखा फुटेको छ । छोराहरू दले र गंगारामलाई पनि छर्रा लागेको थियो । त्यसमध्ये दलेका खुट्टामा अझै बमका छर्रा छन् । त्यस्तै छोरी शीतलाको खुट्टामा पनि बमका छर्रा लागेको छ । आर्थिक अवस्था अत्यन्त कमजोर भएको कामीको पूरै परिवार अपांग भएपछि उनीहरूलाई साँझबिहान हातमुख जोर्नसमेत धौधौ परेको छ । राहतको लागि निवेदन दिएको वर्षौं बितिसक्दासमेत अहिलेसम्म राहत नपाउँदा शरीरमा भएका गोलीको छर्रासमेत निकाल्न नसकिएको पीडित दले कामीले बताए । मजदुरी गरेर गुजारा गर्ने उनले छर्राका कारण शरीर झमझमाउने र काम गर्न गाह्रो हुने गरेको पीडा सुनाए । पीडित दले कमीलाई उपचारका लागि नेपालगन्ज पठाउने र राहतको लागि आवश्यक पहल गरिने प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले बताए ।



सशस्त्र द्वन्द्वको बेला माओवादीले सम्पत्ति लुटेर घरनिकाला गरेका थिए । शान्ति स्थापनापछि घर फर्किएको उनको परिवारले लुटिएको सम्पत्ति र क्षतिपूर्ति माग गर्दै स्थानीय प्रशासन र शान्ति समितिमा निवेदन दिएको पाँच वर्ष बितिसक्दा पनि राहत पाउन सकेका छैनन् । शर्माले भने, "कतिपय पीडित नै नभएकाले राहत लिए तर आफूले भने पाउन सकिनँ ।"

स्थानीय शान्ति समितिका अनुसार अहिलेसम्म द्वन्द्वमा अपांग भएका एक सय तीन जनालाई प्रकृति हेरेर दुई लाखसम्म, तीन सय ६५ जना मृतकका आफन्तलाई एक लाख रूपैयाँका दरले राहत वितरण गरिएको छ । अपहरण परेका ७४ परिवारको राहत वितरण भइरहेको छ । यसैगरी, जेल हिरासतमा बसेका ९४ जनाको छिट्टै राहत आउने शान्ति समितिका संयोजक कमानबहादुर खडकाले बताए । सम्पत्ति लुटिएकाको भने प्रहरी मुचुल्का गर्नुपर्ने भएकोले राहत दिन कठिनाइ भएको खडकाको भनाइ छ । त्यसो त द्वन्द्वपीडित नभएकाले पनि राहत पाएकोले राजनैतिक पहुँचको आधारमा निवेदन दिनेको होड नै चलेको छ । राजनैतिक दलहरू आआफ्ना कार्यकर्तालाई राहत दिलाउन कम्मर कसेर लागिपरेका छन् । अहिले पनि राहतका लागि निवेदन आइरहेको छ । यसरी दिँदै जाने हो भने द्वन्द्वपीडितलाई राहत दिएर कहिल्यै नसकिने नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका सभापति सनतकुमार कार्कीले बताए । "कतिपयले त घाँस काट्न गएका बेला हात काटिएकाले र कमाइ गर्न भारत (कालापार) गएकाले पनि राहत लिएका छन् । यो राम्रो संकेत होइन यसले द्वन्द्वको कहिल्यै अन्त्य गर्दैन, झन् बढाउछ ।"

जाजरकोटका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले पनि वास्तविक पीडितले राहत पाउन नसकेको स्वीकारे । उनका अनुसार पहुँच र प्रक्रिया नपुग्दा कतिपय पीडितले राहत पाउन नसकेका हुन् । यद्यपि उनले वास्तविक पीडित नछुटुन् र नक्कलीले नपाउन भन्नका लागि आगामी दिनमा आवश्यक सतर्कता अपनाइने उनले बताए । ◆

# असल शासन रेडियो कार्यक्रमको सूचना

असल शासन परियोजना, प्रो पब्लिकले सञ्चालन गर्दै आएको साप्ताहिक असल शासन रेडियो कार्यक्रम काठमाडौंका श्रोताका लागि रेडियो सगरमाथा र निम्न जिल्लाका निम्न एफएम स्टेसनहरूबाट तपसिलबमोजिमका तालिकामा प्रसारण भइरहेको जानकारी समस्त शुभेच्छुक तथा आदरणीय श्रोताहरूमा अवगत गराउँदछौं।

| जिल्ला | एफएम स्टेसनहरूको नाम | मेगाहर्ज | प्रसारण समय |
|---|---|---|---|
| काठमाडौं | रेडियो सगरमाथा | १०२.४ | प्रत्येक आइतबार बिहान ८ देखि ८:३० |
| रामेछाप | हजुरको | १०२.१ | प्रत्येक आइतबार बिहान ७:३०-८:०० |
| | तीनलाल | ८८.६ | |
| दोलखा | कालिञ्चोक | १०६.४ | |
| ओखलढुंगा | रमाइलो | १००.६ | |
| जाजरकोट | हाम्रो पाइला | ८७.९ | |
| रुकुम | सानीभेरी | १०७.० | |
| दैलेख | पञ्चकोसी | १०४.० | |
| खोटाङ | ध्रुवतारा | ८९.६ | |
| | रूपाकोट | १०५.० | |
| | हलेसी | १०४.२ | |

**असल शासन रेडियो कार्यक्रम**
**असल शासन परियोजना, प्रो पब्लिक, अनामनगर, काठमाडौं**

*शेरबहादुर भुजेल, दोलखा*

# साउनमा योजना छनोट भदौबाट कार्यान्वयन

स्थानीय नागरिकको गुनासो सुनेपछि जिविसले मातहतमा सञ्चालित विकास योजनाहरूको कार्यान्वयनमा सुधार गर्ने भएको छ ।

दोलखामा आर्थिक वर्ष २०६८/६९ देखि साउनमा योजना छनोट गरेर भदौदेखि कार्यान्वयन थालिने भएको छ । हरेक वर्ष समयमा काम नगरी असार लागेपछि योजना सम्झौता र फरफारक गर्दा काम नहुने, अनुगमन मूल्यांकन नहुने भएकोले योजना कार्यान्वयन प्रभावकारी नभएको भन्दै गुनासो आएपछि जिविसले यसै वर्षदेखि यो कमजोरी सच्याउने भएको हो । जिविस दोलखा र असल शासन जिल्ला समन्वय समिति दोलखाले जिरीमा हालै आयोजना गरेको "जिविस/गाविस अनुदान सञ्चालन कार्यविधिको कार्यान्वयनमा जवाफदेहिता कस्को" विषयक सार्वजनिक सुनुवाइमा उपस्थित जवाफदेही वक्ताहरू र राजनैतिक दलका प्रतिनिधि, विषयगत कार्यालयका प्रमुखहरूले यस्तो प्रतिबद्धतामा हस्ताक्षर गरेका छन् ।

सो प्रतिबद्धताअनुसार आगामी आर्थिक वर्षबाट डोजर प्रयोग गर्न नपाइने भएको छ । स्थानीयस्तरमा जथाभावी डोजर लगाएर सडकको ट्र्याक खोल्दा वातावरणमा असर पुगेको, स्थानीय आयआर्जनमा कुनै उपलब्धि नभएको र अनियमित रूपमा डोजर प्रयोग भएको गुनासो आएपछि अत्यावश्यक सडकको लागि जिविसको अनुमतिमा मात्र डोजरलगायत मेसिन प्रयोग गर्न पाउने प्रतिबद्धता भएको छ । गाउँगाउँमा जथाभावी सडकको ट्र्याक खोलेको तर कुनै पनि सडक व्यवस्थित नभएकाले आगामी वर्षदेखि त्यस्ता सडक व्यवस्थित गर्नका लागि बजेट विनियोजन गर्ने भएको छ ।

पटकपटक अघिल्लो वर्षको बाँकी भुक्तानी भन्दै कामै नगरी खर्च गर्ने परिपाटी केही वर्षदेखि बसेकाले अर्को वर्षदेखि यस्ता काम पूर्णरूपमा बन्द गरिने प्रतिबद्धतासमेत गरिएको छ । स्थानीय योजना छनोट गर्दा गाउँ परिषद्, इलाका परिषद् हुँदै आएका योजनालाई मात्र छनोट गरिने सहमतिसमेत भएको छ । हाल जिल्लामा तीन सयभन्दा बढी स्थानीय सडक निर्माणाधीन रहेका छन् । सडक निर्माणलगायतका योजनामा व्यापक अनियमितता भएको गुनासो आउन थालेपछि जिविसले नेपाल पत्रकार महासंघ दोलखासँगको सहकार्यमा पत्रकारहरूलाई समूह बनाएर जिल्लाभर अनुगमनसमेत गरेको थियो ।

कार्यक्रममा एउटै सडकलाई विभिन्न नाममा नामकरण गरेर डुब्लिकेसन भएको, प्राविधिकले योजनासँग विभिन्न बहानामा घूस मागेको, योजना अनुगमन नहुँदा प्रभावकारी हुन नसकेको, कामै नगरी पुरानै कामलाई नापेर कागजी काम पूरा गर्ने गरेको लगायतका विषयमा स्थानीयहरूले प्रश्न गरेका थिए । ती प्रश्नको उत्तर दिँदै स्थानीय विकास अधिकारी गोपाल पराजुलीले आगामी आर्थिक वर्षको सुरुदेखि कमजोरी सुधार गर्दै योजनाको छनोट कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाएर जिल्लालाई देशकै नमुना जिल्ला बनाउने प्रतिबद्धता व्यक्त गरे । आगामी वर्षदेखि ५० प्रतिशत सामाजिक, आर्थिक विकासका लागि र ५० प्रतिशत भौतिक पूर्वाधार योजनामा खर्च हुने पराजुलीको भनाइ छ । बढी गुनासो आएको सामाजिक सुरक्षा भत्ता वितरणमा सुधार ल्याउन नामावली अध्यावधिक गर्ने जिविसले जनाएको छ । जिविस र गाविसअन्तर्गत सञ्चालित योजनाहरू स्थानीयस्तरबाट हुने भएकाले स्थानीयले उठाएको प्रश्नको जवाफ दिँदै स्थानीय विकास अधिकारी पराजुलीले माथिल्लो निकायबाट बजेट आउन ढिला भए पनि पछि भुक्तानी हुने गरी जिविसबाट अनुमति लिएर काम गर्न आग्रह गरे । बजेट ढिला आउने र स्थानीयस्तरबाट प्रक्रिया लामो हुने भएकाले साउनमा नै आगामी वर्षबाट योजना छनोट हुने जानकारी दिए ।

सुनुवाइमा विभिन्न सातबुँदे साझा सार्वजनिक प्रतिबद्धतासमेत भएको छ । जसमा भनिएको छ, "आगामी आर्थिक वर्ष २०६८/६९ मा सञ्चालन हुने विकास निर्माणका योजनाहरू आगामी साउन मसान्तभित्र छनोट गरी भदौबाट कार्यान्वयन गर्ने, आगामी आर्थिक वर्षमा इलाका, क्षेत्र र जिल्लास्तरका योजनाहरूमात्र जिविसमार्फत छनोट गरी सञ्चालन गर्ने/गराउने, आगामी आर्थिक वर्षमा पुराना सडकलाई आवश्यक मर्मत सुधार गरी सञ्चालन गर्न प्राथमिकता दिने, सडक निर्माण गर्दा डोजरलगायतका ठूला उपकरण प्रयोग गर्नुपरेमा जिविसबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने प्रावधान लागू गर्ने/गराउने, जिरी अस्पतालको स्तरवृद्धि गरी सुविधा सम्पन्न अस्पताल बनाउन पहल गर्ने" आदि रहेका छन् । यसैगरी, गाउँ र इलाकास्तरबाट छनोट भइआएका योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गराउने, स्थानीय नागरिकको आम्दानीलाई वृद्धि गर्ने खालका विकासका गतिविधि सञ्चालन गर्न प्राथमिकता दिने र उपभोक्ता समितिमार्फत सञ्चालन भएका पुराना योजनाहरूको भुक्तानी गर्ने परिपाटीलाई आगामी आर्थिक वर्षबाट पूर्ण रूपमा अन्त्य गर्ने रहेका छन् । सो प्रतिबद्धतामा स्थानीय विकास अधिकारी




गोपाल पराजुली, प्रमुख जिल्ला इन्जिनियर रामेश्वर मरहट्ठा, योजना अनुगमन तथा प्रशासकीय अधिकृत पशुपतिबाबु पुरी, स्थानीय राजनीतिक दलका तर्फबाट एमाओवादीका कुलविन्द्र फुयाँल, एमालेका जिल्ला सचिव भरत दुलाल, नेपाली कांग्रेसका टंक जिरेल, राप्रपाका रामकाजी खडकाले हस्ताक्षर गरेका छन् ।

यसैगरी विषयगत कार्यालयको तर्फबाट जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत टंकबहादुर कार्की, जिल्ला पशु सेवा कार्यालयका प्रमुख, जगतबहादुर सिम्खडा, जिल्ला वन अधिकृत केदारनाथ दाहाल, जिल्ला स्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत वसन्त अधिकारी, पशु विकास फर्म जिरीका प्रमुख डा. नारायण शर्मा, जिल्ला शिक्षा अधिकारी गेहनाथ गौतम, इलाका प्रहरी कार्यालय जिरीका प्रमुख गोकुल केसी, जिल्ला भू-संरक्षण कार्यालयका प्रमुख शेरबहादुर श्रेष्ठले हस्ताक्षर गरेका छन् भने नागरिक समाजको तर्फबाट जिरी उद्योग वाणिज्य संघका अध्यक्ष मधुकुमार कार्कीले हस्ताक्षर गरेका छन् ।

## मुढे-मेलुङ सडक प्राथमिकतामा

सोही सुनुवाइमा विकास निर्माणमा अनियमितता र भ्रष्टाचार हुनाको साथै मुढे-मेलुङ सडकको अवस्था बिग्रँदो भएको गुनासो आएपछि जिविसले आगामी बजेटमा सो सडकलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने भएको छ । स्थानीय विकास अधिकारी पराजुलीले मुढे-मेलुङ सडक किसानको आर्थिक आयसँग जोडिएकोले उक्त सडकलाई प्राथमिकतामा राखी सुधार गर्ने बताए ।

कार्यक्रममा स्थानीयवासीले सडक निर्माणमा भएको अनियमितता, उधारो वा ऋण लिएर भए पनि जथाभावी सडक निर्माण गर्ने क्रम बढेको, आयोजना सञ्चालनका क्रममा सार्वजनिक सुनुवाइ नभएको, लक्षित समुदायको लागि बजेट विनियोजन नभएको, मुढे-मेलुङ सडकमा जति सोलिङ गर्दा पनि सडक सुधार नभएको, शैलुङ क्षेत्रमा पर्यटन विकासको प्रशस्तै सम्भावना हुँदाहुँदै पनि जिविसले ध्यान नदिएको, लक्षित समुदायको बजेट अन्यत्र खर्च भएको, जिविस र गाविसले सञ्चालन गरेका विकास निर्माणका कार्यक्रमहरूको अनुगमन प्रभावकारी नभएको पशु सेवा केन्द्रमा नियमित कर्मचारी नबसेको, काटाकुटीमा रहेको कृषि बजार केन्द्र सञ्चालनमा नआएको, असिनाले आलुबाली नष्ट पारे पनि कहीँ कतैबाट राहत नपाएको जस्ता विषय उठाएका थिए । त्यसैगरी स्थानीय सामुदायिक वनहरूमा वन फँडानी कार्य तीव्र रूपमा भइरहेका, शिक्षकहरू जनगणनामा खटिएपछि विद्यालयको पढाइमा असर परेको, सामाजिक सुरक्षा भत्ता निधन भइसकेका व्यक्तिका नाममा पनि वितरण भएको, विद्युत् महसुल तिर्न समस्या भएको, विद्यालयमा चर्पीको व्यवस्था नभएको जस्ता स्थानीय सवाल र समस्याको बारेमा स्थानीयले गुनासो गरेका थिए । ती विषयमा सम्बन्धित कार्यालयका प्रतिनिधिले जवाफ दिएका थिए । ◆

## परनिर्भरताको...

जनशक्ति उपलब्ध हुन सक्छ । हलेसी, किराँत तीर्थस्थललगायत पर्यटकहरूका लागि आकर्षित गर्ने दर्जनौं पर्यटकीय स्थलको सही सदुपयोग गर्ने हो भने सयौंले स्थानीयस्तरमै रोजगार पाउन सक्छन् । तर यतातिर सरोकारवाला निकायहरूको ध्यान जान सकेको छैन । "सडक बाटो आउनुअगावै यहाँका बारीहरूमा बाह्रमासे कागतीमात्रै लगाउन सकेको भए पनि जिल्लाको स्थिति अर्कै हुने थियो ।" एमाले जिल्ला अध्यक्ष विशाल भट्टराई भन्छन्, "त्यही भएर हामीले जिल्ला कमिटीको बैठकमा मैले यो नयाँ काम सुरु गरेँ भनेर लिखित रूपमा पेस गर्नुपर्ने प्रस्ताव पारित गरेका छौं ।" जानकारहरूका भनाइमा व्यावसायिक खेतीका लागि अरू दलका नेताहरूबाट छिटपुट प्रयास भए पनि संस्थागत रूपमा यो पहिलो हो ।

### करोडौं बाहिरिन्छ महिनैपिच्छे

बाटो पुग्नुअगावै व्यावसायिक खेती, स्थानीय स्रोतसाधनमा आधारित लघुउद्यमलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सकेको भए खोटाङ साँच्चै अब्बल हुने थियो । सामान लिएर दैनिक जिल्ला भित्रिने ५० भन्दा बढी ट्रक रित्तै फिर्नुपर्ने थिएन । गाउँ पुगेको पैसा सहरका सीमित व्यापारीहरूका हातमा पुग्ने क्रममा कमी आउने थियो । यसो हुनासाथ जिल्लाभित्र उद्योगधन्दा तथा पर्यटन व्यवसायको विकास हुने थिए । स्थानीय अर्थतन्त्र आत्मनिर्भरयुक्त बन्न सक्थ्यो । "तर यतातिर कसैको ध्यान गएको छैन ।" थापा भन्छन्, "बरु गाडीको बाटो आएपछि कोदोको जाँड खानेले महँगो बियर रक्सी खान थालेका छन् ।" उनको अध्ययनअनुसार वार्षिक ३०-३५ करोड रुपैयाँको मादकपदार्थ र मासिक पाँच करोड बराबरको नेपाल टेलिकमको रिचार्ज कार्ड खपत हुन्छ । तर जिल्लाबाट निर्यातयोग्य वस्तु अहिलेसम्म केही पनि छैन ।

पछिल्ला वर्षहरूमा खोटाङमा सबैभन्दा बढी खपत हुने वस्तुमा मदिराजन्य पदार्थले पहिलो स्थान ओगटेको छ । व्यापारीहरूको भनाइमा एउटै ब्रान्डको बियर मासिक ३५ सय कार्टुन अर्थात् ८४ लाख रुपैयाँभन्दा बढीको आयात हुन्छ । यद्यपि सो बियर आयात गर्ने व्यापारी हीराकाजी सैंजूले मागअनुसार दिन सकेका छैनन् । यसबाट पनि जिल्लाको स्थिति आंकलन गर्न सकिन्छ ।

यो त सानो उदाहरणमात्रै हो । जिल्ला भित्रिने हरेक वस्तुमा यस्तै स्थिति छ । व्यावसायिक खेतीको सुरुआत र अभ्यास नहुँदा किसानले आफ्नो उर्बर भूमिमा कोदो, मकैजस्ता परम्परागत खेती लगाउन बाध्य छन् । जिल्ला कृषि विकास कार्यालयले मल अनुदान, बीउबिजन वितरणलगायतमा वर्षेनी लाखौं खर्च गर्दै आए पनि त्यो उपलब्धिमूलक हुन सकेको देखिँदैन । हाले नगरपालिका घोषणा भएको दिक्तेलबजारको आसपासका क्षेत्रमा समेत व्यावसायिक तरकारीखेती हुँदैन । सीमित व्यक्तिले मात्रै तरकारीखेती गर्ने भएकोले भाउ काठमाडौंको भन्दा दोब्बर महँगो हुने गरेको छ । यतिसम्म कि लोकल कुखुरासमेत पर्याप्त पाइँदैन । पंक्तिकारले अनुगमन गरेको बेला असारमध्यताका दिक्तेलमा काउली प्रतिकेजी रु ८० र गोलभेंडा रु . ३० थियो । जबकि काठमाडौंमा त्यसको आधा मोलमा ती वस्तु उपलब्ध हुन्थे ।

जिल्लामा तरकारीका लागि स्थायी बजार अहिलेसम्म विकास हुन सकेको छैन । तरकारीका लागि उपभोक्ताले सातामा लाग्ने हाटबजारमा भर पर्नुपर्ने बाध्यता छ । यद्यपि जिल्ला कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत सुजन ढुंगेल कार्यालयले पर्याप्त काम गरिरहेको बताउँछन् । "केही वर्षअघि आउनुभएको भए तपाईंले हटियामा सिजनमा बाहेक तरकारी देख्नै पाउनु हुन्थेन ।" उनले भने, "अहिले त कमसेकम ८० रुपैयाँ किलो भए पनि पाइन थालेको छ ।" यद्यपि उनले सामान ल्याएर फर्कने रित्ता ट्रकलाई कसरी भरेर पठाउन सकिन्छ भन्ने बारेमा उद्योग वाणिज्य संघसँग छलफल भइरहेको जानकारी दिए ।

### विकास योजनामा मनपरी

जिल्लामा सडकका लागि जिविसमार्फत थुप्रै योजना गएका छन् । उपभोक्ता समिति गठन गरेर जनसहभागितामा खनिनुपर्ने ती योजनामध्ये अधिकांश कानुनी प्रावधानअनुसार सञ्चालित छैनन् । योजना सञ्चालन गर्ने निर्देशिका विपरीत जथाभावी डोजर लगाउने प्रवृत्तिले स्थानीयको रोजगार त खोसिएको छ नै, प्राकृतिक विनाश पनि बढेको छ । यतिसम्म त स्थानीय उपभोक्ता परिचालन गर्नुपर्ने बाध्यात्मक नीति भएका गाविसहरूले समेत खुलेआम रूपमा डोजर लगाउँदै समुदाय परिचालन गरेको भनेर बिल भर्पाइ तयार गरी फर्स्योट गराउँछन् । तर यसमा कसैले चासो देखाउँदैन ।

सरकारी कार्यालयहरूमार्फत आएका विकास योजनाहरू त झन् राजनीतिक दलका कार्यकर्ताहरूले भागबन्डा गरेर लिने प्रवृत्ति संस्थागतजस्तै भएको छ । फाइदाको लोभमा श्रमबाट गराउनु पर्ने सडकमा डोजर लगाउने प्रवृत्तिले विकासको सट्टा विनाश भइरहेको तीतो यथार्थ पनि छ । यसले गर्दा लक्षित विपन्न वर्गले विकासबाट खासै लाभ लिन सकेको छैन । बरू स्विस

दिक्तेलको एक होटेल परिसरमा थुपारिएका मदिराका बोतल । यसले खोटाङवासीको पैसा कता गइरहेको छ भन्ने जिज्ञासा उत्पन्न भएको छ।



विकासलगायतका परियोजनाले सञ्चालन गरेको सडक निर्माणका योजनाहरूबाट भने विपन्न वर्गले निकै हदसम्म रोजगारीको अवसर पाएको देखिन्छ ।

त्यसो त विकास योजना सञ्चालन गर्दा उपभोक्ता समितिका नाममा दलीय भागबन्डा गर्ने प्रवृत्तिबाट जिविसको संयन्त्र पनि सन्तुष्ट छैन । "सहमतिको राजनीतिले सबै कुरा बिग्रिएको छ ।" एक कर्मचारी नाम उल्लेख नगरिदिन आग्रह गर्दै भन्छन्, "भागबन्डा गर्दा एकलाई अर्काको कमजोरी थाहा हुने भएकोले विरोधमा कोही बोल्दैनन् । यहाँ त पहुँच भएपछि जसले जे गरे पनि हुने भएको छ ।" उनका अनुसार जिल्लामा सञ्चालन भएका अपवादबाहेकका अधिकांश विकास योजना जनतामुखीभन्दा नेताका पाकेटमुखी भएका छन् ।

जिविसका इन्जिनियर चूडाराज ढकाल पनि विकास योजनाहरू नेताका पाकेटमुखी भएको वास्तविकता स्वीकार गर्छन् । "हामीले सक्ने हदसम्म नियन्त्रण गरेका छौं । तर कागजपत्र सबै मिलाएर ल्याएपछि हामी के गर्न सक्छौं ?" उनले भने । यद्यपि कागजपत्र नपुऱ्याई भुक्तानीका लागि दबाब दिनेहरू पनि प्रशस्तै भएको अनुभव सुनाउने उनले भने, "कयौंपटक मैले नाजायज कामका लागि दबाब दिनुहुन्छ भने एक घन्टाभित्र जिल्ला छाडिदिन्छु भनेर समेत धम्क्याउनु परेको छ ।" स्थानीय जानकारहरूको भनाइमा उनी जिल्लामै लोकप्रिय र इमानदार कर्मचारी मानिन्छन् ।

## जनताको सडकमा अरूकै रजाइँ

राज्यले ठूलो लगानीमा बनाएको लोकमार्गको कटारी–घुर्मीजयरामघाट खण्डमा खुलेआम गुन्डाराज छ । उनीहरूले सामान बोकेका ट्रकको आफूखुसी भाडा असुल्नेमात्रै होइन, चित्त नबुझे कैयौं दिनसम्म रोकेर राखिदिनेसम्मको हर्कत गर्छन् । जयरामघाटस्थित दूधकोसी नदीमा गाडी तार्नका लागि जिविसले बनाएको फेरीसमेत चल्न नदिएर उनीहरूले आफूखुसी फेरी सञ्चालन गरिरहेका छन् । उक्त सडकको घुर्मी–कटारी खण्डमा बीसौं वर्ष पुराना गाडी चलाउनेमात्र होइन, चर्को जोखिम मोलेर क्षमताभन्दा बढी यात्रु बोक्ने गर्छन् । "४० जनाको सिट हुन्छ तर एक सय ४०



जना नभई हिँडाउँदैनन् ।" खोटाङका भुक्तभोगी पत्रकार हरिबोल आचार्य भन्छन्, "त्यो बाटोमा यात्रुले सिट पाउनु भाग्यकै कुरा हुने गर्छ ।"

जिविस खोटाङका सब–इन्जिनियर रघुनाथ दासको भनाइमा विराटनगरबाट सामान लिएर हिँडेको ट्रकले उदयपुर–ओखलढुंगाको सिमाना घुर्मीसम्म समेत निर्वाध पुग्न पाउँदैन । कटारीको सिन्डिकेटको चर्को सास्ती खेपेपछि सुनकोसी र दूधकोसी तार्नुपर्छ । पुल नहुँदा भरियालाई बोकाउनुपर्ने बाध्यता छ । "पुलको अभाव र ठाउँ–ठाउँको सिन्डिकेटले विकास योजनाको लागत असाध्यै महँगो हुने गरेको छ ।" उनले भने, "पुल बनेर तथा सिन्डिकेट हटेर यो बाटोमा निर्वाध आवागमन नभएसम्म खोटाङवासीले विकासको अनुभूति गर्न पाउँदैनन् ।" उनका अनुसार सामान ढुवानी गर्न नपाएकै कारण जिल्लाका कयौं झोलुंगेपुल अलपत्र छन् । त्यसो त उक्त सडकमा जारी सिन्डिकेट हटाउन खोटाङका व्यवसायी र राजनीतिक दलहरू जागरूक नभएका भने होइनन् । गत माघमा सिन्डिकेटविरूद्ध हर्कपुरमा कोणसभा गर्ने गरी एक समूह आएका थियो । तर जयरामघाटमा त्यसको प्रतिरोधका लागि झन् ठूलो जमात तयार भयो । उक्त जमातले ढुंगामुढा गरेपछि सुरक्षाका लागि ओखलढुंगाको प्रशासन नै गुहार्नुपरेको थियो । त्रिपक्षीय सहमतिपछि केहीकालका लागि सिन्डिकेट हटे पनि नियमित अनुगमनको अभाव र प्रशासनको कमजोरीका कारण अहिले पुनः चालू भएको पत्रकार भण्डारीको अनुभव छ ।

स्थानीय खोटाङ यातायात व्यवसायी संघका अध्यक्ष बुद्धिविनोद लुइँटेल पनि खोटाङवासीका लागि कटारी–घुर्मी–जयरामघाटको गुन्डागर्दी गल्पासोजस्तो भएको अनुभव सुनाउँछन् । उनका अनुसार सिन्डिकेटको मार सामान ढुवानीमा मात्र नभएर सर्वसाधारणले पनि व्यहोर्नु परिरहेको छ । "सिन्डिकेट नहुने हो भने कटारीबाट हामी प्रतिकेजी ७ देखि १० रुपैयाँ भाडामा सामान ढुवानी गर्न सक्छौं ।" तर अहिले सामान हेरेर प्रतिकेजी १४ देखि २० रुपैयाँ परिरहेको बताउने उनले भने, "त्यसको असर त उपभोक्तामा परिहाल्छ नि ।" उनका अनुसार सिन्डिकेट हटाएर सर्वसाधारणलाई राहत दिने हो भने सुनकोसी र दूधकोसीमा अविलम्ब पुल बनाउन तथा राजनीतिक दलहरू सक्रिय भएर राज्यका सुरक्षा निकाय परिचालन गर्न जरूरी छ ।"

त्यसो त लुइँटेल नेतृत्वको संघमाथि पनि समयसारिणीअनुसार बस नचलाएर यात्रुको शोषण गर्ने गरेको तथा सामान्य झोलाको समेत अतिरिक्त भाडा असुल्ने गरेको आरोप छ । तर उनले झोला लगेजका लागि भाडा किटान गरेको बताए । "कसैले मनपरी गऱ्या छन् भने प्रमाण दिनोस्, कारबाही गर्न तयार छौं ।" उनले भने, "सेवा दिन सकिँदैन भने बन्द गर्छौं, बेइज्जत चैं हुँदैनौं ।" ◆

# समान ज्यालाका लागि संघर्ष

**पुरुषभन्दा बढी मेहनत गर्ने रामेछापका महिलाले समान ज्यालाका लागि संघर्ष गर्न थालेका छन् । कठजोर गाविसमा जिविसले निर्माण गरिरहेको सडकमा खटिएका महिलाले त संघर्षमा सफलता पनि प्राप्त गरेका छन् ।**

*उमङ्ग मैनाली/रामेछाप*

बेताली गाविसको हलुवाखोलामा निर्माणाधीन विद्युत्गृहको कुलो खन्ने काममा ठूलो संख्यामा कामदार खटिएका छन् । पावरहाउस निर्माणमा पनि महिला मजदुरहरू पुरुषसरह काममा खटेका छन् । पुरुषसरह बिहानदेखि बेलुकासम्म काममा जुट्दा पनि महिला कामदारले पुरुषसरह ज्याला पाउँदैनन् । यो विद्युत्गृह निर्माणमा समान कामको लागि समान ज्याला छैन । पुरुषले दुई सय ५० रुपैयाँ ज्याला पाउँछन् भने महिलाले दुई सय रुपैयाँमात्र ज्याला पाउने गरेका छन् । 'महिलाले समान कामको लागि समान ज्याला पाउनुपर्ने हो तर समान ज्याला खोज्यो भने काम नै पाइँदैन। महिलालाई पुरुषसरह ज्याला दिँदैनन् ।' बेताली गाविसकी रोमा खडका भन्छिन्, 'त्यसैले कम ज्यालामा काम गर्न बाध्य छन् ।'

विद्युत्गृह निर्माणमा मात्र हैन, बेताली गाविसमा कृषि मजदुरमा पनि महिला र पुरुषमा समान ज्याला छैन । खेतमा मकै गोड्ने पुरुषले दिनको दुई सय रुपैयाँ ज्याला पाउँछन् । तर उनीहरूसँगै मकै गोड्ने महिलाले भने एक सय रुपैयाँमात्र पाउँछन् । 'कामको हिसाब गर्ने हो भने महिलाले पुरुषले भन्दा बढी काम गर्छन् । 'हामी महिलाहरू खुरुखुरु काम गरिरहन्छौं तर पुरुष कहिले चुरोट खाने त तहिले शीतलमा बस्ने निहुँले यताउता लाग्छन् । तथापि महिलाले





त्यसपछि सातजना महिलाले मिलेर एउटा पिस ठेक्कामा लिएर काम गऱ्यौं । सो काम निर्धारित समयमा नै पूरा गऱ्यौं । हामी आफैंले ठेक्का लिएर काम पूरा गरेपछि यिनीहरूले पनि काम गर्न सक्ने रहेछन् भन्ने पुरुषलाई लागेछ, त्यसपछि भने हामीले काम पाउन लाग्यौं ।' उनका अनुसार अहिले भने उपभोक्ता समितिमार्फत गरिने काममा महिला र पुरुषलाई ज्याला समान गरिएको छ । तर ठेकेदारले लगाउने काममा भने ज्यालामा विभेद नै छ ।

यो समान सुविधा सडकको काममा मात्र हो । कठजोर गाविसमा अन्यत्र महिला र पुरुषको ज्यालामा फरक रहेको स्थानीय अनिता श्रेष्ठ बताउँछिन् । 'हरेक काममा महिला र पुरुषबीचमा ज्यालामा विभेद छ ।' उनले भनिन्- 'समान ज्याला पाउनुपर्छ भन्ने कुरा हामीलाई थाहा छ, तर समान ज्याला खोज्दा काम नै पाइँदैन । काम नै नपाउने अवस्था आएपछि जति पाइन्छ त्यति ज्यालामा काम गर्न हामी बाध्य छौं ।'

पुरुषको भन्दा आधा कम ज्याला पाउँछन् । स्थानीय अञ्जु सुन्दास भन्छिन्, "पहिलादेखि नै यस्तै चल्दै आएको परम्परा अहिले पनि कायम छ ।'

बेताली गाविसमा मात्र हैन भटौली गाविसको पनि अवस्था त्यस्तै छ । त्यहाँ पनि महिला र पुरुषका बीचमा समान कामको लागि समान ज्याला छैन । कुलोमा काम गर्दा होस् वा स्थानीयस्तरमा निर्माण भइरहेको सडकमा काम गर्दा होस्, त्यहाँ महिलाले समान काम गर्दा पनि समान ज्याला पाउँदैनन् । जिविसमार्फत निर्माण भएको सडकमा काम गर्दा पुरुषले दुई सय ५० रुपैयाँ लिए तर आफूहरूले दुई सय रुपैयाँमात्र पाएको भटौली गाविसकी अनिता माझीले बताइन् ।

रामेछापका अधिकांश स्थानमा अहिले पनि महिलाले समान काममा समान ज्याला पाउन सकेका छैनन् । महिलाहरू पुरुषहरूले उनीहरूको भन्दा बढी ज्याला पाउनु आफ्नो हक नै भएको सम्झन्छन् । त्यसैले यो प्रचलन अहिले पनि कायम नै छ । यस्तै परिवेशमा केही गाउँका महिलाहरू समान कामको लागि समान ज्यालाको आफ्नो अधिकार स्थापित गराउनको लागि संघर्षमा जुटेका छन् । सबैतिरबाट समर्थन जुटेकोले उनीहरूले सफलता पाउने सम्भावना छ ।

कठजोर गाविसमा जिविस रामेछापमार्फत निर्माण हुँदै गरेको ग्रामीण सडकमा महिलाले आफ्नो अधिकार स्थापित गरेका छन् । यस सडकमा काम गर्ने महिलाले अहिले समान काममा पुरुषहरू सरह ज्याला पाउन थालेका छन् । कठजोर- ७ की कुमारी सार्की आफूहरूले यो अधिकार स्थापित गर्नको लागि धेरै मेहनत गर्नुपरेको बताउँछिन् । 'लामो समयपछि अहिले समान काममा समान ज्याला कायम भएको छ ।' उनी भन्छिन्- तर महिलाले बढी पैसा पाए भनेर पुरुषहरू हामीसँग खुब रिसाएका छन् । तैपनि हामीले समान ज्याला बुझेका छौं ।'

संघर्षको इतिहास सुनाउँदै कठजोर- ६ की सुन्तली श्रेष्ठले भनिन्- 'पहिलो किस्ता काम गर्दा पुरुषले दुई सय ५० लिए, हामीले दुई सयमात्रै पायौं । जिविसबाट महिला र पुरुषमा समान ज्याला हुनुपर्छ भनेपछि हामीले काम नै पाएनौं ।

महिलाले अहिले पनि जिल्लामा समान कामको लागि समान ज्याला पाउन सकेका छैनन् । केही महिलाले समान कामको समान ज्यालाको लागि संघर्ष सुरु गरेका छन् । उनीहरूको यो प्रयास आफैंमा प्रशंसालायक छ । उनीहरूको यो अभियानमा जिल्लाका सरकारी निकाय तथा मानवअधिकार र महिला अधिकारका लागि काम गर्ने संस्थाहरूको साझा सहयोग र ऐक्यबद्धता जरूरी छ । ◆

# रकम अनियमितता

विकास निर्माणका लागि बन्ने सर्वदलीय संयन्त्रमा बजेट लुछाचुँडीमा भागबन्डा नमिलेर इतर दलका नेताहरूबीच भ्रष्टाचारी र कमिसनखोरको आरोप-प्रत्यारोप भएका घटना त सुनिएकै हो तर यहाँ भने कांग्रेसका जिल्ला नेताबीच नै एउटा निर्माणको काममा हस्ताक्षर चोरेर आठ लाखभन्दा बढी रकम अनियमितता गरेको आरोप प्रत्यारोप सुरु भएको छ ।

*असल शासन प्रतिनिधि, खोटाङ*

समाचार सदरमुकाम दिक्तेलको अल्छेढुंगामा निर्माण भइरहेको आदिवासी जनजाति संग्रहालय भवनको हो । जिविस खोटाङको आर्थिक अनुदानमा निर्माण भइरहेको सो भवनका लागि सर्वदलीय संयन्त्रअन्तर्गत कांग्रेसका जयबहादुर राईको अध्यक्षतामा भवन निर्माण उपभोक्ता समिति गठन भएको थियो, जसमा एमालेका सुरेन्द्र राई उपाध्यक्ष, माओवादीका दीपेन्द्र राई सचिव र कांग्रेसकी रामकुमारी राई कोषाध्यक्ष आदि रहेका छन् । १५ प्रतिशत श्रमदान गर्नुपर्ने भनिए पनि नियमविपरीत सो समितिले कांग्रेसका भक्तकर्ण राईलाई भवन निर्माणको ठेक्का दिएको थियो । कुल २५ लाख अनुमानित लागत रहेको सो भवनका लागि जिविसले यस वर्ष आदिवासी जनजाति उत्थान कार्यक्रमका लागि आएको रकमबाट करिब १३ लाख रुपैयाँ उपलब्ध गराएको थियो । सोमध्ये सुरुमा पाँच लाख रुपैयाँ भर्पाइ गरेर भक्तकर्ण राईलाई दिएको भए पनि बाँकी आठ लाख रुपैयाँ उपभोक्ता

> समितिका नाममा रहेको २५८३ नं. को खाताबाट २०६७ साउन ३१ मा दुई लाख ५० हजार, असोज २१ मा तीन लाख, चैत १ मा एक लाख ८० हजार र चैत २० मा ८३ हजार निकालिएको दाबी गरेका छन् ।

समितिका अध्यक्षसँगको मिलेमतोमा आफूलाई पत्तै नदिई हस्ताक्षर चोरेर बैंक खाताबाट रकम निकालिएको दाबी समितिकी कोषाध्यक्ष प्रेमकुमारी राईले लगाएकी छिन् । राष्ट्रिय वाणिज्य बैंक दिक्तेलमा समितिका नाममा रहेको २५८३ नं. को खाताबाट २०६७ साउन ३१ मा दुई लाख ५० हजार, असोज २१ मा तीन लाख, चैत १ मा एक लाख ८० हजार र चैत २० मा ८३ हजार निकालिएको राईको दाबी छ ।

निर्माणमा १३ लाखभन्दा बढी खर्च भइसकेको भनिए पनि भवन हेर्दा त्यसको आधा पनि खर्च भएको देखिँदैन । निर्माणमा काम गरेका कतिपय मजदुरहरू अझै ज्याला नपाएको बताउँछन् । रोचक चाहिँ के छ भने जिविसले उक्त अनियमिततालाई वैधता दिँदै भवन निर्माण सम्पन्न गर्न यस वर्ष जनजातिका नाममा आएको थप रु १० लाख रुपैयाँ उपलब्ध गराउँदैछ । यद्यपि जिविसका प्राविधिक कर्मचारीहरू भने भवन निर्माण सन्तोषजनक नभएको थाहा पाएर



जनजाति संग्रहालयको अधुरो भवन, सदरमुकाम दिक्तेलको अल्छेढुंगा ।

पनि थप रकम निकासा गर्न बाध्य भएको अनुभव सुनाउँछन् । 'दलीय संयन्त्र भनेकै बाँडीचुँडी खानका लागि भनेजस्तो भएको छ ।' एक प्राविधिकले नाम उल्लेख नगरिदिने सर्तमा भने, 'राजनीतिक दबाब आएपछि मुटु मिचेर भए पनि निकासा दिनुपर्छ । नत्र जिल्लामा टिक्नै दिँदैनन् । अनि के गर्ने ?'

विवादका कारण अलपत्र परेको भवन निर्माणलाई निरन्तरता दिन सर्वदलीय संयन्त्रले फेरि हस्ताक्षर चोरेको आरोप लागेका कांग्रेस नेता भक्तकर्णलाई नै उपभोक्ता समितिको अध्यक्ष बनाउने तयारी सुरु गरेको छ । तर कोषाध्यक्ष राईले यस विषयमा छानबिन गरी दोषी माथि कारबाहीको माग गर्दै जिल्ला प्रशासनमार्फत यस विषयमा आफूले कांग्रेसका जिल्ला सभापति विष्णु राई, स्थानीय विकास अधिकारी वसन्तकुमार भण्डारीसँग कुरा गर्दा आफूलाई उल्टै हप्काइएको गुनासो गरिन् । 'समितिको बैठकमा त मलाई कुटुँ र मारुँ नै गरे ।' कांग्रेस नेतृ राईले रुँदै भनिन्, 'पार्टीका जिल्ला सभापतिले पनि उल्टै मलाई नै हप्काउनुभयो । पार्टी उहाँहरूको पेवा त होइन नि ?' यस विषयमा उनले जिल्ला प्रशासन कार्यालयमार्फत अख्तियारमा उजुरी हालेको पनि बताइन् । उनको भनाइ छ, 'हस्ताक्षर चोर्ने कांग्रेस नै भए पनि उसले सजाय पाउनै पर्छ ।'

> जिविसका प्राविधिक कर्मचारीहरू भने भवन निर्माण सन्तोषजनक नभएको थाहा पाएर पनि थप रकम निकासा गर्न बाध्य भएको अनुभव सुनाउँछन् । दलीय संयन्त्र भनेकै बाँडीचुँडी खानका लागि भनेजस्तो भएको छ ।

स्थानीय विकास अधिकारी भण्डारीले भने हस्ताक्षर चोरेर अनियमितता गरेको बारेमा औपचारिक जानकारी नआएको बताए । हस्ताक्षर चोरेको आरोप लागेका भक्तकर्ण राईसँग सम्पर्क हुन सकेन । उनलाई जोगाएको आरोप लागेका कांग्रेस जिल्ला सभापति विष्णु राईले भने 'कसले तपाईंलाई यस्ता कुरा सुनाएछन् । त्यस्तो हुनै सक्तैन ।' ◆

# स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७

नेपाल सरकारको मिति २०६८ वैशाख १२ गतेको निर्णयानुसार स्थानीय स्वीकृत कार्यविधि

## परिचय

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे, नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न यो "स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७" तर्जुमा गरिएको छ ।

## परिच्छेद – १
## उद्देश्य, संक्षिप्त नाम र परिभाषा

### १. कार्यविधिको उद्देश्य

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यस "स्थानीय निकायको सामाजिक परीक्षण कार्यविधि २०६७" को उद्देश्य हुनेछ । यस कार्यविधिले सामाजिक परीक्षणको व्यवस्था स्थानीय निकायले अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनेछ ।

### २. संक्षिप्त नाम र प्रारम्भ

यो कार्यविधिको नाम "स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७" राखिएको छ । यो कार्यविधि नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

### ३. परिभाषा

क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनुपर्दछ ।

ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई सम्झनुपर्दछ ।

ग) "आर्थिक नियमावली" भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ लाई सम्झनुपर्दछ ।

घ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिलाई सम्झनुपर्दछ ।

ङ) "परिषद्" भन्नाले ऐनको दफा ८ बमोजिमको गाउँ परिषद्, दफा ७६ बमोजिमको नगर परिषद् र दफा १७२ बमोजिमको जिल्ला परिषद्लाई सम्झनुपर्दछ ।

च) "बोर्ड" भन्नाले ऐनको दफा १२ बमोजिमको गाविस, दफा ८० बमोजिमको नगरपालिका र दफा १७६ बमोजिमको जिविसलाई सम्झनुपर्दछ ।

छ) "स्थानीय निकायको प्रमुख" भन्नाले गाविसको लागि गाविसको अध्यक्ष, नगरपालिकाको लागि नगरपालिकाको प्रमुख तथा जिविसको लागि जिविसको सभापति सम्झनुपर्नेछ ।

ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्थानीय विकास मन्त्रालय सम्झनुपर्छ ।

झ) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालयअन्तर्गत जिल्लास्थित कार्यालय तथा डिभिजन कार्यालयसमेतलाई सम्झनुपर्छ ।

ञ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदि सम्झनुपर्छ ।

ट) "न्यूनतम सर्त र कार्यसम्पादन मापन" भन्नाले स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७३ घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट वार्षिक रूपमा स्थानीय निकायको कार्य सम्पादन निश्चित मापदण्डका आधारमा मापन गर्ने पद्धति सम्झनुपर्छ ।

ठ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरूमध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

ड) "सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सम्झनुपर्छ ।

ढ) "सार्वजनिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) बमोजिम स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम /आयोजनाको लक्ष्य उद्देश्य (बजेट-आम्दानी) तथा यसबाट

प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा सरोकारवालाहरूबीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनुपर्छ ।

ण) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानुनबमोजिम स्थापना भएका र स्थानीय निकायको परिषद्बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनुपर्छ ।

त) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानुनबमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

थ) "योजना" भन्नाले जिल्लाको समग्र विकास निर्माणसम्बन्धी तयार पारिएको आवधिक जिल्ला विकास योजना, वार्षिक जिल्ला विकास योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनुपर्छ ।

द) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

ध) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ ।

न) "अनुदान" भन्नाले नेपाल सरकारबाट जिविसलाई प्राप्त हुने नि:सर्त तथा ससर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनुपर्छ ।

प) "सामाजिक जिम्मेवारी" स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधिअनुसार समावेशी र समतामूलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समूहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्वलाई जनाउँदछ ।

फ) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ ।

## परिच्छेद- २

### ४. सामाजिक परीक्षणसम्बन्धी संस्थागत व्यवस्था

४.१ स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नुपर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यसअनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधार मानी लेखाजोखा गर्नुपर्नेछ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम तथा आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

४.२ स्थानीय निकायले सो स्थानीय निकायसँग प्रत्यक्ष सम्बन्ध नभएका दुई विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिनेछ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिँदाको अवस्थामा उक्त संस्थासँग निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको हुनुपर्नेछ । निजहरूको कार्य विवरण र योग्यता अनुसूची १ मा उल्लेख गरिएको छ ।

४.३ सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय निकाय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न आवश्यक देखिएमा स्थानीय निकायले निम्नानुसारको सामाजिक परीक्षण समन्वय समिति गठन गर्न सक्नेछः-

४.३.१ जिविसको हकमा

क. जिविसको सभापति वा सभापतिको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक

ख. स्थानीय विकास अधिकारीः सदस्य

ग. महिला विकास अधिकृतः सदस्य

घ. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एकजना प्रतिनिधिः सदस्य

ङ. स्थानीय उद्योग वाणिज्य संघबाट एकजना प्रतिनिधिः सदस्य

च. यस समितिले तोकेको विषयगत कार्यालयको प्रमुखः सदस्य

छ. सामाजिक विकास अधिकृतः सदस्य-सचिव

क्रमशः अर्को अंकमा...

# सहकारी अनुदानमा अनियमितता !

**अनुगमनको अभावमा सहकारी पसल अनुदान धनकुटामा धेरैका लागि ठगी खाने भाँडो भएको छ ।**

*असल शासन प्रतिनिधि, धनकुटा*

सर्वसाधारणको सुविधाका लागि सहकारी मार्फत अनुदान दिएर सुपथ मूल्य पसल सञ्चालन गर्ने सरकारी नीति धनकुटामा असफल प्रायः भएको छ । पसल सञ्चालनका लागि अनुदान लिने सहकारीका सञ्चालकहरू बेपत्ता हुँदा पनि कसैले खोजीनीति गरेको छैन ।

जिल्लाको कुरूले तेनुपा गाविसमा रहेको 'आधुनिक सहकारी पसल' अस्तित्वविहीन भएको महिनौं भयो । तर खोजीनीति कसैले गरेको छैन । 'पसल रहेको ठाउँलाई सहकारी चोक भनिन्छ तर सहकारी पसल चाहिँ कता हरायो कता ?' एक स्थानीयले बताए ।

तत्कालीन माओवादी सरकारले ल्याएको गाउँगाउँमा सहकारी, घरघरमा भकारी' नारालाई आत्मसात् गरी खोलिएको उक्त सहकारी संस्थाका अध्यक्ष डिल्लीप्रसाद भट्टराई र सुपथ मूल्य सहकारी पसलका व्यवस्थापक सरकारले दिएको एक लाख, थप ५० हजार र सेयर पुँजीसमेत हिनामिना गरी फरार भएपछि अहिले त्यसको खोजी सुरु भएको छ । 'आर्थिक अनियमितता गरी संस्था बन्द भएको' भन्दै डिभिजन सहकारी कार्यालय, धनकुटामा केही सेयर सदस्यहरूले निवेदन गरेका छन् । जसमा 'संस्थामा व्यापक अनियमितता भएको, सरकारले दिएको एक लाख रुपैयाँ र सेयर पुँजीसमेत हिनामिना गरेको तथा सुपथ मूल्य पसलसमेत आर्थिक हिनामिना गरी बन्द गरेर वर्षौं साधारणसभा नगरेको कारण पसल र संस्था दुवै बन्द भएको' व्यहोरा उल्लेख छ ।

उक्त अनियमितताको छानबिनको माग गर्दै उनीहरूले संस्थालाई पुनर्जीवित बनाउन सहयोगको समेत अनुरोध गरेका छन् । उक्त उजुरी जिल्ला प्रशासन कार्यालय र क्षेत्रीय प्रशासन कार्यालयमा समेत बोधार्थ दर्ता गराइएको छ । यसअघि पटकपटक अनियमितताको छानबिन गर्न समितिले पहल गरेको तर सफल हुन नसकेको एक सदस्य आज्ञामान लिम्बूले बताए । गत वर्ष असोज १३ गतेको बैठकबाट व्यवस्थापक तोकबहादुर लिम्बूको दायित्वमा ८० हजार ६ सय ३३ रुपैयाँ बेरूजू देखाएर दुई किस्ता गरेर तिर्न म्याद दिएकोमा निजले नतिरी हाल गाउँ नै छोडेर भागेको समेत सदस्य लिम्बूले बताए । ◆

## भ्रष्टाचार तथा मानवअधिकार हननविरुद्ध उजुरी कहाँ दिने ?

अनुचित कार्य, भ्रष्टाचार वा अख्तियार दुरुपयोग गरेमा आफूसँग भएको प्रमाणसमेत संलग्न राखी भ्रष्टाचारविरुद्ध कार्यरत निकायहरूमा उजुरी दिनुहोस् ।
त्यस्तै मानवअधिकार हननसम्बन्धी गुनासाहरू निम्न ठेगानामा दिनुहोस्।

**उजुरी दिने ठेगाना**

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं | फोन: ४४४०१५१, ४४३९४६२<br>फ्याक्स: ४४४०१२८<br>टोल फ्रि नं: १६६० ०१ २२२३३ |
| राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार काठमाडौं | फोन: ४२२७०९६, ४२२२५३१<br>फ्याक्स ४२१६७०६ |
| राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुर | फोन: ५५२५६५९, ५०१००१६<br>फ्याक्स: ५५४७९७३ |
| संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय छाउनी, काठमाडौं | फोन: ४२८०१६४<br>फ्याक्स: ४६७०७१२ |

**क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयहरू**

**नबिर्सनुस्, नागरिकको हैसियतले यो तपाईंको पनि अधिकार र कर्तव्य हो ।**

ठेगाना

SDC सँगको सहकार्यमा असल शासन परियोजना, प्रो पब्लिकद्वारा प्रकाशित। पो.ब.नं: १४३०७ फोन: ४२६५१४१ फ्याक्स: ४२६८०२२ गौतमबुद्धमार्ग, अनामनगर, काठमाडौं
सल्लाहकार: प्रा.डा. प्रमोदकुमार झा, प्रा.डा. श्रीकृष्ण श्रेष्ठ, प्रकाशमणि शर्मा सल्लाहकार सम्पादक: प्रणव भट्टराई प्रबन्ध सम्पादक: जानुका मैनाली
संवाददाता: दिपेश घिमिरे, निशा भट्टराई, उमेशविक्रम बस्नेत भाषा: कृष्णप्रसाद रिमाल कार्टुन: खोकना व्यवस्थापन: विष्णुप्रसाद पोखेल सज्जा: कृष्णप्रसाद सुवेदी
Email: gg@propublic.org www.propublic.org सम्पादक: केदार खडका